

नयाँ सोंच, दृढ अठोट
हामी बदलियौं, देश बदल्छौं ।

# हार्दिक अपिल

## आदरणीय पर्वतबासी दाजुभाई तथा दिदीबहिनीहरु:

यहाँहरुलाई थाह छ मेरो सक्रिय राजनीतिक जीवनको ३५ बर्ष मैले यही पर्वतको माटोमा विताएर आएँ । चुनाव जित्दा वा हार्दा पनि मेरो बर्कत र क्षमताले भ्याएसम्म यहाँहरुको दुखसुखमा सँगै रहने मेरो पूर्ववत् अठोट र संकल्पका प्रति म सँधै सचेत रहें/छु/रहनेछु । पार्टी जीवनसँगसँगै तपाईंको जनप्रतिनिधिका रुपमा मैले के गरें/के गर्न सकें त्यो मैले भनिरहनुपर्दैन । फेरि आजको पुस्ताले इतिहास सुनाउने भन्दा भविष्य देखाउने नेता खोजिरहेको छ त्यो कुरा मैले प्रष्ट बुझेको छु । पर्वतको भूगोलमा उत्तरको बाँसखर्कदेखि दक्षीणको टकलाकसम्मका सम्पूर्ण जनताको भावनासँग म सँधै परिचित छु । भाद्र २३ र २४ गते जेन–जी पुस्ताले जुन विद्रोह गऱ्यो त्यो विद्राहको सम्पूर्ण सत्य भनेको मुलुकमा देखिएको राजनीतिक अतिवाद, यथास्थिति, वेथिति र भ्रष्टाचारका विरुद्ध प्रकट भएको अभिव्यक्ति हो भन्ने मैले ठानेको छु । जेन–जी आन्दोलनमार्फत व्यक्त भएको त्यो आक्रोश र चेतलाई गम्भीर समीक्षा गर्दै नेपाली काँग्रेस अहिले विशेष महाधिवेशनमार्फत सभापति गगनकुमार थापाको नयाँ नेतृत्व र नीतिसहित सम्पूर्ण रुपमा रुपान्तरण भएर तपाईंहरुको वीचमा आएको छ । आफूलाई बदल्ने, आफूसँगै काँग्रेसलाई बदल्ने र काँग्रेस सँगै देशलाई बदल्ने संकल्प र अठोट बोकेर जनताको बीचमा आएको काँग्रेससँग अबको एउटै मुद्दा छ– सुशासन, समुन्नति ।

आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु: यो मेरो अन्तिम चुनावी प्रतिस्पर्धा हो । यसपछिका कुनै पनि चुनावमा प्रत्यक्ष उम्मेदवार भएर म तपाईंसँग मेरालागि भोट मागिरहेको हुनेछैन । यसपालि पनि म उम्मेदवार नभएर अर्को कोही साथी आएको भएपनि हुन्थ्यो भन्ने कतिपयलाई लाग्नसक्छ । त्यो स्वभाविक पनि हो, तर पर्वतको सक्रिय राजनीतिको क्रममा मैले गर्न छुटाएका र नभ्याएका विकास र पूर्वाधारका कामहरुलाई सम्पन्न गर्न र जेन–जी विद्रोहले अपेक्षा गरेको चुस्त र पारदर्शी सार्वजनिक सेवाप्रवाह, सुशासन र समुन्नतिका केही मुद्दाहरुलाई मेरो अनुभव र क्षमतामार्फत सार्थक निष्कर्षमा पुऱ्याएर विदा हुने तिव्र ईच्छाले म यसपटक चुनावी मैदानमा आएको हुँ । अर्कोकुरा परिवर्तन र रुपान्तरण पार्टी मात्रै होइन, म व्यक्ति स्वयंपनि कति रुपान्तरण हुन सकें त्यसको अन्तिम परीक्षा पनि मेरा प्रिय पर्वतबासीकै वीचमा दिन चाहन्छु । म कसै लक्षित अनर्गल टिप्पणी गर्न चाहन्न । बरु युगले लक्ष्य गरेको परिवर्तनको पदचापलाई समाएर अघि बढ्ने संकल्प गर्दछु । मेरो संकल्प तपाईंको भोटसँग मात्रै होइन, भावनासँग सम्बन्धित छ । त्यसैले म चुनाव जित्दा वा हार्दा पनि निरन्तर तपाईंसँगै छु/रहनेछु । त्यसैले पनि यसपटक र अन्तिमपटक मेरो उम्मेदवारीलाई अनुमोदन गरेर देश निर्माणको अभिभारा सुम्पनुहुनेछ भन्ने कुरामा म विश्वस्त छु । यो निर्वाचनको दौडानमा म सशरीर तपाईंको घरदैलोमा उपस्थित भएर तपाईंसँग सुखदुख साट्ने उत्कट इच्छा हुँदाहुँदै पनि समय नपुग्न सक्छ । समयको सीमा र बाध्यातालाई यहाँहरुले अवस्यनै बुझ्नुहुनेछ भन्ने अपेक्षा गरेको छु । काँग्रेसको कोही प्रतिनिधि पनि तपाईलाई भेट्न तपाईंको घरसम्म आइपुग्यो भने सम्झनु त्यो म स्वयं नै हो ।

मेराप्रति वा पार्टीका प्रति यहाँको सुझाव,सल्लाह अपेक्षा वा गुनासो केही भए तपाईंको घरदैलोमा आउने काँग्रेस प्रतिनिधिसँग खुलेर राख्नुहोला त्यो सुझाव, सल्लाह, अपेक्षा वा गुनासोलाई मैले सँधै शिरोधार्य गर्नेछु । पर्वतको विकास, समुन्नति र सुशासनलाई अन्तिम निष्कर्षमा पुऱ्याउने यो अभियानलाई मूर्त रुप दिनको लागि नेपाली काँग्रेसको रुख चिन्हमा मतदान गरिदिनुहुन हार्दिक अनुरो ध गर्दछु । उही तपाईंको सुखदु:खको साथी...

## पहिलेको पर्वत र अहिलेको पर्वत

१) २०५६ सालमा मैले चुनाव जित्दा कुनै गाउँमा बाटो पुगेको थिएन, म स्वयं भोट माग्न जाँदा सबै गाउँमा पैदल हिंडेर पुगेको थिएँ तर मेरो कार्यकालभित्रै सबै गाउँमा मोटरबाटो पुगेको थियो ।

२) गाउँका सबै बस्तीमा जनताहरु टुकी बालेर बस्थे जिल्ला सदरमुकामबाहेक सबै गाउँहरु अन्धकार थिए । तर म सांसद बहाल रहेकै समयमा प्रत्येक घरमा बिजुली पुगेको थियो । सबै पर्वतेली जनताहरु उज्यालोमा छन् ।

३) गाउँका धेरै जमिनहरु सिंचाई नपाएर बाँझै थिए, तर अहिले धेरै जमिन सिंचित भएको छ ।

४) धेरै बस्तीहरुमा खानेपानी समस्या थियो । गाउँका दिदीबहिनीहरु खोला, खोल्सा र कुवाबाट घण्टौं लगाएर डोकोमा पानी बोकेर खान बाध्य थिए । तर आज सबैको घरछेउमा पानीका धारा खसेका छन् । जनताहरुले स्वस्थ पानी पिउन पाएका छन् ।


५) गाउँमा स्वास्थ्यसंस्थाहरु थिएनन् सिटामोल किन्न सदरमुकाम झर्नुपर्थ्यो । तर आज गाउँ-गाउँमा स्वास्थ्यचौकी र प्राथमिक स्वास्थ्यकेन्द्र निर्माण भएका छन् र आज ती स्वास्थ्य संस्थाहरुबाट धेरै औषधिहरु नि:शुल्क उपलब्ध भइरहेका छन् ।

६) गाउँमा धान, मकै र कोदो बाहेक अरु उत्पादन हुँदैनथ्यो । तर आज गाउँमा धेरै उद्यमीहरु बढिरहेका छन् । स्वरोजगारी बृद्धि भएको छ । गाउँका हरेका नागरिकहरु व्यवसायिक र आत्मनिर्भरतातर्फ उन्मुख भइरहेका छन् ।

७) विगतमा धेरैले नचिन्ने पर्वत आज राष्ट्रिय अन्तराष्ट्रिय रुपमा परिचित भएको छ । संसारका लामा र अग्ला पुलहरु बनेका छन् । बञ्जी, जिपलाइन जस्ता साहसिक पर्यटनका पूर्वाधार बनेका छन् । जसको कारण आन्तरिक तथा बाह्य पर्यटकहरु पर्वत आउन थालेका छन् । त्यसले पर्वतको सुन्दरता बढेको छ । आर्थिक बृद्धि भएको छ । धार्मिक, सांस्कृतिक, प्राकृतिक र ऐतिहासिक सुन्दरताले भरिपूर्ण भएको पर्वत अब छिट्टै 'पर्यटन गाउँ'का रुपमा विकास हुँदैछ ।

८) सूचना र सञ्चारको माध्यमका नाममा एकादुई गाउँमा मात्रै भिएचएफ टेलिफोन र ल्याण्डलाइन टेलिफोन थिए, तर आज सबैको हातमा मोवाइल र घरघरमा इन्टरनेटको पहुँच छ ।

९) पर्वत जिल्लाले विकासका धेरै सूचकहरु पुरा गरिसकेकोले मानव विकास सुचकांकमा आठौं नम्बरमा आइपुगेको छ । जय नेपाल !



# अर्जुन प्रसाद जोशी

प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार, पर्वत २०८२